संघीय संसद्

# राष्ट्रिय सभा

**पाँचौं अधिवेशन**

**बैठक - १९**

## सूचना पत्र - २

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७६ फागुन १५ गते बिहीबार**

संघीय संसद्, राष्ट्रिय सभाको पाँचौं अधिवेशनको **उन्नाईसौं** बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले **शून्य समय**मा बोल्नका लागि निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**मा. राजकुमार कुँवर**ले नोबल कोरोना भाइरस दक्षिण कोरियामा पनि फैलिएकोले त्यहाँ रहेका नेपालीलाई पर्न सक्ने सम्भावित खतरा सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. रामनारायण विडारी**ले हेटौंडास्थित ठूलो माछापोखरीको व्यवस्थापन गर्नुपर्नेतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. विन्दादेवी आले**ले महंगी नियन्त्रणका लागि बजार अनुगमन र मूल्य निर्धारण गर्नुपर्ने माग गर्नुभयो ।

**मा. डा. विमला राई पौड्याल**ले कोरोना भाइरसबाट सुरक्षित रहन नेपालले अपनाएको पूर्वसावधानी सम्बन्धमा सरकारले सदनलाई जानकारी गराउनुपर्ने माग गर्नुभयो ।

**मा. शेर बहादुर कुँवर**ले चीनबाट औषधि तथा कच्चा पदार्थ भारत निर्यात हुँदै नेपाल आउने तर हाल कोरोना भाइरसको संक्रमणले उक्त औषधि र कच्चा पदार्थ अभाव हुन सक्ने तर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. हरिराम चौधरी**ले माध्यमिक शिक्षा निःशुल्क भनिएको तर शिक्षक दरबन्दीविहीन भएकोले सोको पूर्ति कहिलेसम्म हुने भन्ने सम्बन्धमा प्रश्न गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **शून्य समय**मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुँदै **विशेष समय**मा बोल्नका लागि दलीय आधारमा देहाय बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**मा. खिमलाल भट्टराई**ले वर्तमान समयमा नेपाल कम्यूनिष्ट पार्टीभित्रको राजनीतिक स्थायित्वमाथि प्रश्न जन्मिरहेको बताउनु हुँदै वर्तमान सरकारले उदाहरणीय कार्यहरू गर्दै विकास र समृद्धिको मार्गमा अगाडि बढिरहेकोले सबै मिलेर देशलाई "समृद्ध नेपाल, सुखी नेपाली" को अभियानतर्फ लैजानुपर्ने बताउनुभयो ।

**मा. बद्री प्रसाद पाण्डे**ले सरकारलाई "ठेगान" लगाउने कार्य प्रतिपक्षको मात्र नभई सत्तापक्षको पनि भएको सरकारलाई ठेगान लगाउन सके ठीक बाटोमा आउने बताउनु हुँदै सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल बाँस्कोटाको सत्तरी करोड काण्ड तथा प्रधानमन्त्रीको जन्मोत्सवमाथि कटाक्ष गर्नुभयो ।

**मा. विना पोखरेल**ले सुत्केरी विदा ३ महिनाबाट ६ महिना गराइनुपर्ने, सबै केन्द्रमा शिशु स्याहार केन्द्र र औषधिको व्यवस्था साथै मौलिक हकको यथाशीघ्र कार्यान्वयन गर्नुपर्ने माग गर्नुभयो ।

**मा. रमेश प्रसाद यादव**ले तराईको कृषि क्षेत्र तथा रोजगारमा वृद्धि भएपनि भारत संगको सीमानामा कृषि उत्पादन, आयात-निर्यात तथा व्यापार गर्दा भोग्नु परेको समस्या समाधान गर्न सरकारसँग माग गर्नुहुँदै गत साल बारा जिल्लामा आएको तुफानले २०० भन्दा बढी घर क्षति भएकोमा जम्मा ५०/६० वटा घर मात्र निर्माण गरिएकोले छुटेका घरहरूको पुनर्निर्माण गर्नुपर्ने बताउनुभयो ।

**मा. युटोल तामाङ**ले संविधानको मर्म र भावना बमोजिम निर्णय निर्माण तहमा विशेष वर्ग, क्षेत्र तथा स्थानीय प्रतिनिधिको कमी रहेको साथै प्राकृतिक सम्पदा, पर्यटकीय स्थलको संरक्षण तथा संवर्द्धन गर्नुपर्ने तर्फ ध्यानाकर्षण गराउनुभयो ।

**मा. रामपृत पासवान**ले नेपालमा विभेद रहितको लोकतन्त्र संस्थागत हुन नसकेको बताउनु हुँदै महिलालाई अधिकारमुखी बनाइनुपर्ने बताउनुभयो ।

**मा. मुक्ता कुमारी यादव**ले तराई-मधेशका विषयगत कार्यालयहरूमा कर्मचारीको अभाव रहेकाले तत्कालै कर्मचारी आपूर्ति गर्नुपर्ने साथै राष्ट्रपति चुरे संरक्षण कार्यक्रममा बजेटको अभाव भएको तर्फ ध्यानाकर्षण गराउनुभयो ।

**मा. कमला कुमारी ओली**ले दिगो विकास तथा सुशासन समितिबाट अनुगमन भ्रमणमा जाँदा न्यायिक समितिमा सुरक्षाकर्मीको अभाव रहेको र तोकिएभन्दा बढी कामको जिम्मेवारी रहेको गुनासो सुनिएको बताउनु भयो । त्यसैगरी तराई-मधेशमा महिला उपप्रमुखको जिम्मेवारी वहन गर्न कठिनपूर्ण तरिकाले कार्य गर्नुपर्ने व्यथा सुनिएको बताउनु भयो ।

**मा. रमेश जंग रायमाझी**ले प्रधानमन्त्रीको जन्मोत्सव र गोकुल बाँस्कोटाको ७० करोडको विषयमा आलोचना गर्नुहुँदै यसमा सरकारको संलग्नता रहेकोले प्रधानमन्त्रीले राजीनामा दिई सदनलाई निकास दिनुपर्ने बताउनुभयो ।

**मा. खेमराज नेपाली**ले प्रधानमन्त्रीको जन्मोत्सव मनाउने कुरा एउटा संस्कार भएको, देशको नक्सा बनाएर केक काट्नु अन्तर्राष्ट्रिय प्रचलन रहेको र जनतासंग जोडिएको प्रेम भाव भएकोले प्रधानमन्त्री माथि आरोप नलगाउन आग्रह गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **विशेष समय**मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुँदै राष्ट्रपतिको कार्यालयबाट विधेयक प्रमाणीकरण सम्बन्धी प्राप्त हुन आएको पत्रको व्यहोरा पढेर सुनाउनुभयो ।

"संघीय संसदको दुवै सदनको बैठकबाट पारित भई नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणीकरणको लागि पेश हुन आएका देहाय बमोजिमका विधेयकहरू सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएकोले सो को प्रमाणीकृत प्रतिहरू थान (६) यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

| क्र. सं. | विधेयक नं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|---|
| १. | १५ | भूमि सम्बन्धी ऐन, २०२१ लाई संशोधन गर्न बनेको विधेयक | २०७६/१०/२८ |
| २. | १६ | प्रहरी कर्मचारीलाई नेपाल प्रहरी तथा प्रदेश प्रहरीमा समायोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७६/१०/२८ |
| ३. | १७ | नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरिवेक्षण र समन्वय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७६/१०/२८ |
| ४. | १८ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरणको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७६/१०/२८ |
| ५. | १९ | औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक | २०७६/१०/२८ |
| ६. | २० | राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ लाई संशोधन गर्न बनेको विधेयक | २०७६/१०/२८ |

(डा. हरि पौडेल)
सचिव

मितिः- २०७६ माघ २८"

तत्पश्चात्, सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट मन्त्रीपरिषद्को कार्यभार तोकिएको सम्बन्धी प्राप्त हुन आएको पत्रको व्यहोरा पढेर सुनाउनुभयो ।

"सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले मौजुदा मन्त्रिपरिषद्का माननीय सञ्चार तथा सूचना

प्रविधि र सहरी विकास मन्त्री गोकुल प्रसाद बाँस्कोटाले नेपालको संविधानको धारा ७७ को उपधारा (२) को खण्ड (क) बमोजिम आफ्नो पदबाट राजीनामा दिनुभएकोले सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा निजले सम्हाल्दै आउनुभएको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको कार्यभार माननीय अर्थ मन्त्री डा. युवराज खतिवडाले र सहरी विकास मन्त्रालयको कार्यभार माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री वसन्तकुमार नेम्वाङले सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा सादर अनुरोध गर्दछु ।

(डा. हरि पौडेल)

मितिः- २०७६ फाल्गुण ८" सचिव

तत्पश्चात् सम्माननीय अध्यक्षले राष्ट्रिय सरोकार तथा समन्वय समितिका माननीय सभापति दिलकुमारी रावल थापा (पार्वती) लाई "पिछडिएको क्षेत्र, समुदाय, संस्कृति र राष्ट्रिय सम्पदाको अवस्था सम्बन्धमा कर्णाली प्रदेशको स्थलगत अध्ययन भ्रमण तथा अन्तरक्रिया कार्यक्रमहरूको प्रतिवेदन, २०७६" सभा समक्ष पेश गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले "अध्यागमन विधेयक, २०७६" माथि राष्ट्रिय सभा नियमावली (पहिलो संशोधन), २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यहरूबाट विरोधको सूचना प्राप्त नभएको जानकारी गराउनु हुँदै माननीय गृह मन्त्री राम बहादुर थापाको तर्फबाट माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेललाई "अध्यागमन विधेयक, २०७६" सभा समक्ष पेश गर्न अनुमति दिनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेललाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "पारमाणविक विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले "पारमाणविक विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ भएको र उक्त क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउनु हुँदै छलफलमा भाग लिन चाहनु हुने निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

१. मा. रामनारायण बिडारी २. मा. प्रकाश पन्थ ३. मा. वृषेश चन्द्र लाल

४. मा. विमला राई पौड्याल ५. मा. कोमल वली

तत्पश्चात् सम्माननीय अध्यक्षले माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेललाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुहुँदै उक्त प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले "पारमाणविक विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले "पारमाणविक विधेयक, २०७५" माथि संशोधन प्रस्ताव राख्न चाहने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली (पहिलो संशोधन), २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखा, सिंहदरबारमा संशोधन प्रस्ताव दर्ता गर्न सक्ने व्यहोरा जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक २०७६ फाल्गुण २० गते मंगलबार दिनको २:०० बजे बस्ने गरी अपरान्ह ३:१५ बजे बैठक स्थगित भएको जानकारी घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)

संघीय संसदको महासचिव